संकट व्यवस्थापन केन्द्र (Crisis Management Center, CMC) भक्तपुरद्वारा प्रकाशित

कोभिड-१९ सम्बन्धी भक्तपुर जिल्लास्तरीय प्रतिकार्य

# बुलेटिन

साप्ताहिक

बन्दाबन्दीको
६२ औ दिन

अंक ६ र ७ (संयुक्ताङ्क)
मिति २०७७ जेठ ११ गते आइतवार

daobhaktapur.moha.gov.np

# काठमाडौं उपत्यका प्रवेशमा थप सतर्कता

## मन्त्रालयको सहमतिमा मात्र पास जारी हुने, संक्रमण नभएको सुनिश्चितता भएमात्र प्रवेश पाइने

गृह मन्त्रालयले उपत्यकासहित देशभर नै संक्रमणको प्रसारलाई नियन्त्रण गर्न सवारी पासलाई कडाइ गर्दै थप निर्देशन जारी गरेको छ ।


मन्त्रालयको मिति २०७७/०२/०७ को पत्रानुसार कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि काठमाडौं उपत्यकालगायत देशभर उच्चस्तरको सतर्कतासहितको व्यवस्था मिलाउन परेको हुनाले विभिन्न शर्तहरु पूरा गरेर मात्र सवारी पास अनुमति माग गर्न निर्देशन प्राप्त भएको छ ।


प्राप्त निर्देशनअनुसार नै पूर्वबाट उपत्यका प्रवेश गर्ने प्रमुख नाका भक्तपुरको जगाती र साँगास्थित चेकपोष्टमा कडाइका साथ व्यवस्थापन गरिएको छ ।

मन्त्रालयले काठमाडौं उपत्यका प्रवेशको लागि सवारी पास उपलब्ध गराउँदा यात्रा गर्ने व्यक्तिहरुलाई संभव भएसम्म कोभिड-१९ को संक्रमण नभएको सुनिश्चितताका लागि RDT/PCR परीक्षण वा चिकित्सकको रिपार्टका आधारमा मात्र सवारी पास अनुमतिको सिफारिश गर्ने हुँदा प्रवेशका क्रममासमेत उक्त प्रमाणहरु चेकजाँच गरिने भएको छ ।

उपत्यका बाहिरका जिल्लाहरुबाट अभिलेख राखी एक पटक मात्र उपत्यकामा प्रवेश गर्न दिने गरी सवारी पास जारी गर्ने निर्देशनअनुसार सवारी पास उपलब्ध गराउँदा उपत्यका आउने व्यक्ति कहाँ बस्ने हो, विस्तृत ठेगाना उल्लेख गरी पठाउने हुँदा नाकामासमेत सो विवरण राख्ने गरिएको छ । यसका साथै उपत्यकाभित्र आउने व्यक्तिहरुको सूचना सम्बन्धित पालिकाहरुमा पठाइने व्यवस्था गरिएको छ ।

त्यसरी आउने व्यक्तिले आफ्नै घर भएमा होम क्वारेन्टिनमा बस्ने र नभएमा स्थानीय तहले तोकेको क्वारेन्टिनमा बस्ने व्यवस्था मिलाउनुपर्ने निर्देशन प्राप्त भएको छ ।




यसका साथै मन्त्रालयको निर्देशनमा बिरामी पठाउनुपर्ने भएमा जिल्लाभित्र रहेका एम्बुलेन्सबाट पठाउन जसका लागि सवारी पास आवश्यक नपर्ने । जिल्लाभित्र एम्बुलेन्स उपलब्ध नभएको वा निजी सवारी नै प्रयोग गर्नुपर्ने भएमा सोही ब्यहोरा स्पष्ट उल्लेख गरी मन्त्रालयमा सवारी पास अनुमति माग गर्ने विषय निर्देशन दिइएको छ ।

जगाती र साँगा चेकपोष्टको तथ्याङ्कअनुसार वैशाख २६ गते देखि जेठ ८ गतेसम्म जम्मा ६८३६ सवारी साधन मार्फत १४०९७ व्यक्ति उपत्यका प्रवेश गरेका छन् । जसमध्ये २९३२ वटा सवारी साधन अत्यावश्यक सेवाका मालवाहक सवारी साधन छन् । यसै अवधिमा ४७१६ सवारी मार्फत १०६८६ जना व्यक्ति उपत्यका बाहिरिएको देखिएको छ । यस सम्बन्धी थप तथ्याङ्क बुलेटिनको अन्तिम पृष्ठमा रहेको छ ।

## अझै समय छ, घरभित्रै बसौं सुरक्षित रहौं

कोभिड १९ को संक्रमण भक्तपुर जिल्ला भित्र पनि देखिइसकेको छ । दूरी कायम नगर्दा र लकडाउनको परिपालना नगर्दा कोरोनाको प्रसारको खतरा झनै बढ्न सक्ने हुँदा उच्च सतर्कता अपनाउनुपर्ने अवस्था आएको छ । यस्तो अवस्थामा जिल्लावासीमा संत्रास सृजना भएको छ । तर पर्याप्त सावधानी अपनाउने हो भने समय अझै गएको छैन, सुरक्षित रहन सकिन्छ भन्ने तथ्यलाई मनन गर्न जरुरी छ । यो समय आफैले आफूलाई सुरक्षित गर्ने समय हो । कोरोनाबाट सुरक्षित रहन सबैभन्दा राम्रो उपाय घरभित्रै सुरक्षित रहनु र भौतिक दूरी कायम राख्दै स्वास्थ सावधानी अपनाउनु रहेको देखिएको छ । त्यसैले त्रसित नभइ घरमै सुरक्षित भएर बस्न जिल्लावासीसँग हार्दिक अनुरोध छ । email: daobhaktrapur@gmail.com | Viber SMS : 9840177327

# संकट समाधानका लागि सर्वदलीय बैठक

## कोरोना प्रतिरोधमा एकजुट, सल्लाघारीको चौरमा होल्डिङ एरिया बनाइने

मिति २०७७।०२।०५ गते प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेको संयोजकत्वमा जिल्लामा क्रियाशिल सबै राजनीतिकदलका प्रमुख एवं प्रतिनिधिहरुसम्मिलित सर्वदलीय बैठक सम्पन्न भयो ।

यस बैठकले पिसिआर परीक्षणमा पोजेटिभ देखिएका व्यक्तिका सम्पर्कमा आएका व्यक्तिहरु राख्नको लागि जिल्लास्तरमा क्वारेन्टाइन स्थल निर्माण र संचालन गर्ने विषयमा छलफल भइ निर्णय भएको छ । त्यस्तै उपत्यका प्रवेश गर्ने नाकाहरूमा अत्यावश्यक सामग्री ढुवानी गर्ने सवारीबाहेक यात्रुहरूको आवत जावतलाई पूर्ण रोक लगाउने, पास बितरण प्रणालीलाई चुस्त दुरुस्त बनाउने निर्णय भएको छ ।

विदेशमा रहेका नेपाल फर्कन इच्छुक नेपाली नागरिकहरू मध्ये प्रदेश नं. १ र २ बसोबास भएकाहरुलाई उनीहरूको घरसम्म सुरक्षित रुपमा पठाउने जिम्मा भक्तपुर जिल्लालाई नेपाल सरकारले तोकेमा उनीहरूको आवश्यक चेक जाँचको लागि केही समय होल्ड गर्नु पर्ने भएकोले भक्तपुर न.पा. १ सल्लाघारीस्थित नेपाल ट्रस्टको जग्गा होल्डीङ एरियाको रुपमा तयार गर्न आवश्यक प्रकृया र तयारी अगाडी बढाउने निर्णय यस बैठकले गरेको छ ।

सर्वदलीय बैठकमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) जिल्ला संयोजक दिलिप प्रजापति, अध्यक्ष वचन देउजा, सचिव डि पि ढकाल, नेपाली काँग्रेस जिल्ला सभापति दुर्लभ थापा, सचिव निशान ढुंगेल, नेपाल मजदुर किसान पार्टी जिल्ला अध्यक्ष नुच्छे भक्त खोजु, नगर संयोजक नारायण बहादुर दुवाल राष्ट्रिय प्रजातन्त्र पार्टी (संयुक्त) जिल्ला अध्यक्ष रामशरण लामिछाने, सचिव अर्जुन कार्की, राष्ट्रिय प्रजातन्त्र पार्टी जिल्ला अध्यक्ष माधव खत्री र सचिव श्यामप्रसाद नेपाल उपस्थित हुनुहुन्थ्यो । बैठकमा जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरुकोसमेत उपस्थिति रहेको थियो ।







### सर्वदलीय बैठकका निर्णय

१. नेपाल सरकारले लागू गरेको लकडाउनको पूर्ण पालना गर्न उपत्यका प्रवेश गर्ने नाकाहरूमा अत्यावश्यक सामग्री ढुवानी गर्ने सवारीबाहेक यात्रुहरूको आवत जावतलाई पूर्ण रोक लगाउने ।

२. भक्तपुर जिल्लामा बसोबास गर्ने मानिसहरूलाई PCR Test गराउदा पोजेटिभ देखिएमा निजसँग सम्पर्कमा आएकाहरूलाई तत्काल राख्नको लागि जिल्लास्तरमा आवश्यकताअनुसार स्थानीय तहले सञ्चालन गर्ने गरी क्वारेन्टाइन स्थल निर्माण गर्ने, सोको विवरण र गर्नु पर्ने जिम्मेवारी व्यवस्थापनसमेत एकिन गरी जिल्लास्थित CMC मा पठाउन अनुरोध गर्ने ।

३. शव व्यवस्थापनको लागि आवश्यक पर्ने शव वाहनहरू २ जना वा सो भन्दा बढी शव भएमा गाडी पिकअप/टाटा/ट्रक स्थानीय तहले सोको व्यवस्थापन गरी तयारी हालतमा राख्न अनुरोध गर्ने ।

४. पास बितरण प्रणालीलाई चुस्त दुरुस्त बनाउन अत्यावश्यक प्रयोजनको निमित्तबाहेकलाई बितरणमा कडाई गर्ने ।

५. राहत वितरण प्रणालीलाई प्रभावकारी र पारदर्शी बनाउँदै उपयुक्त व्यक्तिसम्म पुर्याउन सरकारी नीति नियम र निर्णयको पालना गर्ने । स्थानीय तह र सरोकारवाला निकायबाट खाद्यान्न तथा आपूर्तीको प्रभावकारी व्यवस्थापन तथा नियमनको काम गर्ने ।

६. विदेशमा रहेका नेपाल फर्कन इच्छुक नेपाली नागरिकहरू मध्ये प्रदेश नं. १ र २ बसोबास भएकाहरुलाई उनीहरूको घरसम्म सुरक्षित रुपमा पठाउने जिम्मा भक्तपुर जिल्लालाई नेपाल सरकारले तोकेमा उनीहरूको आवश्यक चेक जाँचको लागि केही समय होल्ड गर्नु पर्ने भएकोले भक्तपुर न.पा. १ सल्लाघारीस्थित नेपाल ट्रस्टको जग्गा होल्डीङ एरियाको रुपमा तयार गर्न आवश्यक प्रकृया र तयारी अगाडी बढाउने ।

७. भक्तपुर जिल्लामा एउटै कम्पाउण्ड भित्र रहेका शहिद धर्मभक्त मानव अंग प्रत्यारोपण केन्द्र र भक्तपुर अस्पताललाई कोभिड-१९ को जोखिम मुक्त बनाउन शहिद धर्मभक्त मानव अंग प्रत्यारोपण केन्द्रको प्रवेशद्वार छुट्टै बनाउको लागि सम्बन्धित निकायलाई अनुरोध गर्ने ।

८. स्थानीय तहहरूमा सर्वसुलभ पसल खोली खाद्यान्नलगायतका उपभोग्य सामानहरू सुपथ मूल्यमा उपलब्ध गराउने ।

९. वर्षातको समय आउँदै गरेको अवस्थालाई मध्यनजर गरी विपद् व्यवस्थापनको पूर्व तयारी गर्ने ।



## संकट व्यवस्थापन केन्द्र काठमाडौं, ललितपुर र भक्तपुरको संयुक्त बैठक सम्पन्न

# प्रवेश नाकामै आरडिटी परीक्षण गर्ने सिफारिश

मिति २०७७।१।३१ गते काठमाडौं उपत्यकाका तीनवटै जिल्लाका संकट व्यवस्थापन केन्द्र (Crisis Management Center, CMC) को संयुक्त बैठक प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री महेन्द्रप्रसाद गुरागाँईको विशेष उपस्थितिमा क्वारेन्टिनस्थल खरिपाटीमा बसेको छ ।

बैठकले अत्यावश्यकबाहेक सवारी साधनको आवतजावतलाई निषेध गर्ने, उपत्यका प्रवेश गर्ने नाकामा नै आरडिटी परीक्षण गर्ने, अत्यावश्यकबाहेकका कार्यालयहरु १५ दिन वन्द गर्नेलगायतका व्यवस्था गर्न गृह मन्त्रालय मार्फत सिसिएमसीमा सिफारिस गर्ने निर्णय गरेको छ ।

यस पूर्व मिति २०७७।१।१७ मा काठमाडौं जिल्लाको सिएमसीको आयोजनामा संयुक्त बैठक सम्पन्न भएको थियो । बैठकले पूर्व निर्णयहरुको समीक्षा गर्दै कोरोना नियन्त्रणका लागि उपत्यकाका सबै जिल्लाहरुले समन्वयात्मक रुपमा संयुक्त प्रयास गर्ने वारे छलफल गरेको छ ।

यस बैठकमा जिल्ला समन्वय समिति काठमाडौंका प्रमुख शिव सुन्दरराज बैद्य, जि.स.स. भक्तपुरका प्रमुख नवराज गेलाल चाँगुनारायण न.पा. का प्रमुख सोमप्रसाद मिश्र उपस्थिति हुनुहुन्थ्यो । तीनवटै जिल्लाका सिएमसीका संयोजक एवं प्रमुख जिल्ला अधिकारीहरु, काठमाडौंका प्र.जि.अ जनकराज दाहाल, ललितपुरका प्र.जि.अ. नारायणप्रसाद भट्ट र भक्तपुरका प्र.जि.अ. हुमकला पाण्डेको नेतृत्वमा सिएमसीका अन्य पदाधिकारीहरु र गृह मन्त्रालयका सहसचिव फणिन्द्रमणि पोखरेल उपस्थित हुनुहुन्थ्यो । तिनवटै जिल्लाका सुरक्षा निकायका प्रमुखहरु, रेडक्रसका शाखा सभापतिहरु, जनस्वास्थ्य कार्यालय तथा अस्पतालका प्रमुखहरुलगायत महानुभावहरु बैठकमा उपस्थित रहनु भएको थियो ।



### सिएमसी संयुक्त बैठकका निर्णयहरु

निम्नानुसार व्यवस्था गर्न तालुक गृह मन्त्रालय मार्फत CCMC मा सिफारिस गर्ने निर्णय गरियो:

१. अत्यावश्यक वस्तु, खाद्यान्न, कृषिबाहेक अन्य सामग्री ढुवानी गर्ने सवारी साधनको आवतजावतलाई निषेध गर्ने|

२. काठमाडौं उपत्यका प्रवेश गर्ने मुख्य नाकाहरु (विशेष गरी भक्तपुरको जगाती र काठमाडौंको नागढुंगा) मा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलका साथै स्वास्थ्यकर्मीसम्मिलित Dedicated Team खटाई विदेशवाट वा नेपालका प्रभावित स्थानबाट आउनेहरुका हकमा On The Spot RDT गर्ने व्यवस्था गर्ने,

३. अत्यावश्यक सेवा प्रदान गर्ने कार्यालयहरुबाहेक अन्य कार्यालयहरु पन्ध्र दिन बन्द गर्ने,

४. परराष्ट्र मन्त्रालय मार्फत सबै दुतावासहरुलाई तत् तत् देशहरुमा रहेका नेपाली नागरिकहरुको नेपालमा बसोबास, विदेश प्रस्थान गरेको मिति र उमेरसहितको विष्तृत विवरण तयार गर्न लगाउने,

५. उद्योग कलकारखाना तथा निर्माण व्यवसायीका पसलहरु संचालन सम्बन्धमा उद्योग विभागबाट मापदण्ड तयार गरी संचालन गर्ने,

६. विकास आयोजनासँग सम्बन्धित ढुंगा, गिट्टी, बालुवा जस्ता निर्माण सामग्रीहरु ढुवानी गर्न स्पष्ट मापदण्ड बनाई संचालनमा ल्याउने,

७. काठमाडौं उपत्यकाका नागरिकहरुमा कोभिड-१९ संक्रमणको रोकथाम तथा नियन्त्रणमा खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, पत्रकारलगायतका जोखिममा रहेका मानिसहरुको स्वास्थ्य परीक्षणमा प्राथमिकता दिई परीक्षण गर्ने व्यवस्था मिलाउने । सोको लागि आवश्यक VTM Kits स्थानीय तहले खरिद गर्ने व्यवस्था मिलाई प्राविधिक परीक्षण गर्ने व्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिलाउने,

८. नेपाल सरकारले उद्दार गरेका वा अन्य कोभिड-१९ संक्रमण भएको हुनसक्ने शंकित मानिसहरुलाई व्यवस्थापन गर्न (क्वारेन्टाइनतथा होल्डिङ सेन्टरसंचालनार्थ) को लागि होटल, पार्टी प्यालेस, विद्यालय, तालिम केन्द्र जस्ता संरचनाहरु तथा सार्वजनिक स्थलहरुलाई आवश्यक परेको अवस्थामा प्रयोग गर्नसक्ने व्यवस्था गर्ने, र

९. क्वारेन्टाइन संचालन तथा व्यवस्थापन मापदण्ड, २०७६ मा व्यवस्था गरिएको खर्च व्यवस्थापन (Personal Kits, खाना आदि), दररेटमा प्रचलित दररेट र स्थानीय तहको आवश्यकताअनुसार संशोधन गर्ने ।

# कोरोना संकट समाधानका लागि जिल्लास्तरीय संकट व्यवस्थापन केन्द्र सिएमसीको सक्रियता

**कोरोना संकट समाधानका लागि जिल्लास्तरीय संकट व्यवस्थापन केन्द्र सिएमसी क्रियाशिल र सकृय रहेको छ। सिएमसीले दैनिकरुपमा भर्चुअल तथा अनौपचारीक छलफलको माध्यमबाट कोरोना प्रतिरोध सम्बन्धी कार्यमा निरन्तर सबै निकायहरुसँग समन्वय गर्दै भक्तपुर जिल्लामा कोभिड १९ संक्रमणको अवस्थाको निरन्तर विश्लेषण गर्दै आएको छ। भने हालसम्म ११ वटा औपचारिक बैठक भइसकेको छ।**

## नगरप्रमुखहरु सँग सिएमसीको बैठक

मिति २०७७।१।३१ गते भक्तपुर जिल्लाका नगरपालिकाका प्रमुखहरुको विशेष उपस्थितिमा जिल्लास्तरीय संकट व्यवस्थापन केन्द्र, सिएमसीको सातौ बैठक सम्पन्न भयो। यस बैठकमा भक्तपुर नगरपालिकाका प्रमुख नगर प्रमुख श्री सुनिल प्रजापति,सूर्यविनायक नगरपालिकाका प्रमुख बासुदेव थापा, मध्यपुर थिमी नगरपालिकाका प्रमुख श्री मदन सुन्दर श्रेष्ठ, चाँगुनारायण नगरपालिकाका प्रमुख श्री सोमप्रसाद मिश्रको उपस्थिति रहेको थियो।

**निर्णय**

१. भक्तपुर जिल्लामा कोभिड १९ को संक्रमणको हालको अवस्थाको समीक्षा गरियो। हालसम्ममा बाहिरबाट आएका २ जना व्यक्तिहरुमा कोरोना पोजेटिभ देखिएको हुँदा ती व्यक्तिहरुका यात्रा विवरणका आधारमा अविलम्ब कन्ट्याक्ट ट्रेसिङ गर्ने। निजहरुको वासस्थान सिल गर्ने, परिवारका सदस्यहरुकोसमेत तुरुन्त परीक्षण गर्ने र आवश्यकताअनुसार आइसोलेसन/क्वारेन्टिनमा राख्ने व्यवस्था स्वास्थ्य कार्यालय र भक्तपुर अस्पतालले मिलाउने।

२. गृह मन्त्रालयको च.नं. ३७८४ मिति २०७७।१।३० को सवारी पास सम्बन्धमा प्राप्त भएको निर्देशनअनुसार यस जिल्लाबाट अन्यत्र जिल्लामा जाने गरी जारी गरिएको सबै सवारी पास खारेज गरी सो को सूचना प्रकाशित गर्ने।

३. भक्तपुर जिल्लामा कोभिड १९ संक्रमणको जोखिम र समुदायमा विस्तारको खतरा देखिएको हुँदा समय भक्तपुर जिल्लामा कोही पनि व्यक्ति घर बाहिर निस्कन नपाउने तथा अति आवश्यक वस्तुबाहेक व्यापार, व्यवसाय र उद्योग संचालनमा रोक लगाउने।

४. भक्तपुर जिल्ला प्रवेश गर्ने र बाहिर जाने अति आवश्यकबाहेक व्यक्ति तथा सवारी साधन निषेध गर्ने।

५. भक्तपुर जिल्लास्थित नगरपालिकाहरुले क्वारेन्टिनस्थलहरु चुस्त दुरुस्त राख्ने, वडाहरु मार्फत आफ्नो क्षेत्रमा बाहिरबाट आएका व्यक्तिहरुको लगत संकलन गर्ने, निगरानी गर्ने, कोरोना परीक्षण गराउने र त्यस्ता व्यक्तिहरुलाई आवश्यकताअनुसार क्वारेन्टिनमा पठाउने काममा समन्वय गर्ने ।

६. स्थानीय र सरोकारवाला निकायबाट खाद्यान्न तथा आपूर्तीको प्रभावकारी व्यवस्थापन तथा नियमनको काम गर्ने। विपन्न खाद्यान्न अभाव भएका व्यक्तिहरुलाई राहत उपलब्ध गराउने।

## सिएमसी बैठकका निर्णयहरु

**बैठक संख्या ११, मिति २०७७।०२।०९ गते**

१. भक्तपुर जिल्लामा हालसम्म ३ जना कोरोना संक्रमित देखिएकोमा २ जना कोरोनामुक्त भई होम क्वारेन्टाईनमा पठाइसकिएको। बाँकी एक जना हाल सुरक्षित रुपमा अस्पतालमा रहेकाले सम्पूर्ण जिल्लाबासीलाई सजग र सतर्क रही लकडाउनको पूर्ण पालना गर्न पुन अनुरोध गर्ने।

२. हाल संक्रमण देखिएका व्यक्तिको सम्पर्कमा आएका व्यक्तिहरूको ट्रेसिङ गरी स्वास्थ्य परीक्षण भईसकेकोले ति व्यक्तिहरूको नतिजा नआउन्जेलसम्मलाई घरमै आईसोलेसनमा राख्ने।

३. प्रहरी जनशक्तिलाई कोभिड-१९ संक्रमणको जोखिमबाट न्यूनीकरण गर्न उनीहरूलाई समूहमा बिभाजन गरी नजिकै उपलब्ध सार्वजनिक विद्यालयहरूमा व्यवस्थापन गर्ने।

४. भक्तपुर जिल्लामा रहेका ईंटा भट्टा उद्योग कल कारखानामा कार्यरत भारतीय मजदुरहरूको सम्बन्धमा सहज रुपमा भारत फिर्ता गर्नको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने।

५. कोभिड-१९ को संक्रमितको सम्पर्कमा रहेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मीलगायत अन्य व्यक्तिहरूलाई स्वास्थ्य परीक्षण गरी अन्तिम नतिजा नआउनजेलसम्म आईसोलेसनमा राख्नको लागि उपलब्ध होटल, सामुदायिक भवन, विद्यालय, कलेज, सरकारी कार्यालय छनौट गरी यथासिघ्र तयारी हालतमा राख्न स्थानीय तहमा अनुरोध गर्ने।

६. जिल्लामा हुनसक्ने खाद्यान्न संकटको व्यवस्थापनको निमित्त खाद्यान्न आपुर्ती सहज बनाउन स्थानीय तहसँग समन्वय गरी अनुगमन गर्ने।

७. जिल्लामा कोभिड-१९ सँग सम्बन्धित स्वास्थ्य परीक्षणलाई तिव्रता दिने।

८. नेपाल सरकारले लागू गरेको लकडाउनको पूर्णरुपमा कार्यान्वयन गर्ने।

**बैठक संख्या १०, मिति २०७७।०२।०७**

१. भक्तपुर जिल्लामा हालसम्म ३ जना कोरोना संक्रमित देखिएकोमा तीनै जना हाल सुरक्षित रुपमा अस्पतालमा रहेकाले सम्पूर्ण जिल्लाबासीलाई सजग र सतर्क रही लकडाउनको पूर्ण पालना गर्न पुन अनुरोध गर्ने।

२. मिति २०७७।०२।०६ गते संक्रमण देखिएका व्यक्तिको घर रहेको स्थान सिल गरिएको र निजको सम्पर्कमा आएका व्यक्तिहरूलाई ट्रेसिङ गरी परीक्षणलाई तिव्रता दिने।

३. नगरपालिकाहरूलाई आफ्नो नगरपालिका भित्र संक्रमितको सम्पर्कमा आएका मानिसहरूलाई तत्काल राख्नको लागि अस्थायी क्वारेन्टाइन निर्माण तत्काल गर्न पुनः अनुरोध गर्ने।

४. भक्तपुर जिल्ला भित्र रहेका होटलहरू, पार्टी प्यालेस, स्कूलहरूलाई क्वारेन्टाइनको रुपमा प्रयोग गर्न सम्बन्धित निकायहरूसित अनुरोध गरी अनुगमन गर्ने।

५. सूर्यविनायकस्थित प्राणि उद्यानको भवनलाई क्वारेन्टाइनको रुपमा तयार गर्नकोलागि सम्बन्धित निकायलाई अनुरोध गर्ने।

६. कोभिड-१९ को संक्रमणबाट हुन सक्ने मृत्युलाई मध्यनजर गर्दै शव व्यवस्थापनको लागि जिल्लास्थित सार्वजनिक जग्गालाई पहिचान गरी तयारी हालतमा राख्ने।

७. प.सं. ७६/७७/१७ मिति २०७७।०२।०६ को नेपाल सरकार कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्रको पत्रानुसार भएका निर्देशनको सम्बन्धमा स्थानीय तहमा कार्यन्वयन गर्नको लागि अनुरोध गर्ने।

८. च.न. ५७० मिति २०७७।०२।०७ को गृह मन्त्रालयको पत्रानुसार सवारी पास जारी गर्ने सम्बन्धमा सूचना जारी गरी कार्यान्वयन गर्ने।

**बैठक संख्या ९, मिति २०७७।०२।०४ गते**

१. भक्तपुर जिल्लामा बसोबास गर्ने मानिसहरूलाई PCR Test गराउदा पोजेटिभ देखिएमा निजसँग सम्पर्कमा आएका मानिसहरूलाई तत्काल

राख्नको लागि स्थानीय तहमा आवश्यकताअनुसार क्वारेन्टाइन स्थल निर्माण गरी सोको विवरण र गर्नु पर्ने जिम्मेवारी व्यवस्थापनसमेत एकिन गरी CMC मा पठाउन अनुरोध गर्ने ।

२. शंक्रमितसँगको सम्पर्कमा आएका व्यक्तिहरू बस्ने स्थानलाई आवश्यकताअनुसार आवत जावतमा पूर्ण रोक लगाउनको निमित्त उक्त स्थानलाई शिल गर्ने सम्बन्धमा न्यूनतम मापदण्ड तयार गरी लागू गर्ने ।

३. कोभिड-१९ संक्रमणबाट मृत्यु भएमा शव व्यवस्थापन गर्नको लागि भक्तपुर जिल्ला अस्पतालसँग समन्वय गरी कोरोना शव वाहन एम्बुलेन्स(Modified) चालकसहित तयारी हालतमा राख्न नेपाल रेडक्रस भक्तपुर शाखालाई अनुरोध गर्ने ।

४. शव व्यावस्थापनको लागि आवश्यक पर्ने शव वाहनहरू २ जना वा सो भन्दा बढी शव भएमा आवश्यक पर्ने गाडी पिकअप/टाटा/ट्रक जिल्ला अस्पताल र नेपाली सेनाको वीरदल गणसँग समन्वय गरी स्थानीय तहले सोको स्रोत व्यवस्थापनसमेत गरी तयारी हालतमा राख्न अनुरोध गर्ने ।

५. कोभिड-१९ रोकथामका लागि खटिएका स्वास्थ्यकर्मी, सुरक्षा निकाय र कर्मचारीहरूको लागि आवश्यक व्यक्तिगत सुरक्षा उपकरणहरू र PCR गर्न VTM किटको पर्याप्त व्यवस्थापनको लागि CCMC लाई अनुरोध गर्ने ।

६. शंकास्पद संक्रमित व्यक्तिहरूसित सम्पर्कमा आएकाहरूलाई PCR Report पश्चात नेगेटिभ आएमा निजहरू बस्दै आएको घर/डेरामा प्रकृया पुर्याइ होम क्वारेन्टाइनमा बस्दा घरपटी वा घर छिमेकहरूलाई मानसिक समस्या पर्ने भएकोले सो सम्बन्धमा स्थानीय तहले आवश्यक मनोपरामर्श, जनचेतना उपलब्ध गराउन अनुरोध गर्ने ।

७. भक्तपुर जिल्लामा एउटै कम्पाउण्ड भित्र रहेका शहिद धर्मभक्त मानव अंग प्रत्यारोपण केन्द्र, भक्तपुर क्यान्सर अस्पताल र भक्तपुर अस्पताल बीच एक आपसमा जनशक्ति र आवश्यक सामग्रीहरूको समन्वय गरी कार्य गर्न/गराउन अनुरोध गर्ने ।

८. विदेशमा रहेका नेपाल फर्कन इच्छुक नेपाली नागरिकहरू मध्ये प्रदेश नं. १ र २ बसोबास भएकाहरुलाई उनीहरूको घरसम्म सुरक्षित रुपमा पठाउन आवश्यक चेक जाँचको लागि केही समय होल्ड गर्नु पर्ने भएकोले भक्तपुर न.पा. १ सल्लाघारीस्थित नेपाल ट्रस्टको जग्गा होल्डीङ एरियाको रुपमा तयार गर्न आवश्यक प्रकृया र तयारी अगाडी बढाउने ।

९. पास व्यवस्थापन सम्बन्धमा जिल्ला प्रशासन कार्यालयको पास बाहक र उपत्यका भित्रनको लागि गृह मन्त्रालयको सहमतिमा र अत्यावश्यक सवारी साधनबाहेक अन्यलाई पूर्ण रुपमा रोक लगाउने ।

**बैठक संख्या ८, मिति २०७७।०२।२ गते**

१. कोभिड-१९ सक्रमण रोकथाम, नियन्त्रण तथा नेपाल सरकारले जारी गरेको लकडाउन पालना गराउन २४ सै घण्टा डिउटीमा खटिने सुरक्षाकर्मीको लागि दैनिक रूपमा आवश्यक पर्ने स्वास्थ्य सामग्री (मास्क, पन्जा, पि.पि.ई सुट, स्यानिटाइजर) उपलब्ध गराउन गृह मन्त्रालय मार्फत (Covid 19 Crisis Management Center, CCMC) मा अनुरोध गर्ने ।

२. भक्तपुर जिल्लामा रहेका चार (४) वटै नगरपालिकाभित्रका व्यक्तिहरूलाई अति आवश्यक सामान खरिद तथा अति आवश्यक कामको लागि मात्र आफ्नो वडाभित्र सावधानी अपनाई आवत जावत गर्न सहजिकरण गर्ने ।

३. भक्तपुर अस्पताल परिसरमा नव निर्मित De-canteen ब्लकलाई कोभिड-१९ ब्लकको रूपमा तयार गरिरहेको हुँदा सो ब्लकलाई सुचारू गर्न आवश्यक पर्ने दश (१०) वेड खरिपाटीस्थित क्वारेन्टाइन स्थलमा जगेडाको रूपमा रहेका वेडहरू मध्येबाट प्रयोग गर्नको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

४. कोभिड-१९ प्रतिकार्य योजनालाई जिल्लास्थित (Covid 19 Crisis Management Center, CCMC) बाट स्वीकृत गरी गृह मन्त्रालयमा जानकारी दिने तथा भक्तपुर जिल्लामा कार्यान्वयन गर्ने/गराउने ।

५. स्थानीय तहमा कोभिड संक्रमण रोकथामको लागि अस्थायी क्वारेन्टाइनको लागि सार्वजनिक स्थानहरूको पहिचान गर्ने, स्थानीय होटलहरूलाईसमेत क्वारेन्टाइनको रूपमा विकास गर्न सोको लगत राखी स्थानीय तहलाई जिम्मेवारी दिई क्वारेन्टाइन स्थलको रूपमा प्रयोग गर्ने ।

६. जिल्ला प्रवेश गर्ने नाकाहरूमा चेकजाँचलाई अत्यन्तै कडा बनाउने तथा गृह मन्त्रालयको पास र अत्यावश्यक सवारी साधनबाहेक अन्यलाई पूर्ण रूपमा रोक लगाउने ।

**बैठक संख्या ६, मिति २०७७।१।२९ गते**

१. गृह मन्त्रालयको च.नं. ३७३५ मिति २०७७।०१।२५ को पत्र साथ प्राप्तबाट नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०१/२४ को निर्णयमा उल्लिखित निर्देशनको प्रभावकारी कार्यान्वयन गर्न गराउनका लागि सबैसँग आवश्यक सहजीकरण र समन्वय गर्ने ।

२. उपत्यका भित्रका सबै प्रमुख जिल्ला अधिकारीहरु, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक उपत्यकाका सुरक्षा निकायका प्रमुखहरुसहितका सरोकारवालाको उपस्थितिमा मिति २०७७/०१/२६ गते बसेको बैठकको निर्णयअनुसार सवारी पास आवश्यक पर्ने र नपर्ने तथा सोको विधि एवं समय तालिका खुलाई सूचना प्रकाशन गर्ने ।

३. डिस्चार्ज भएका बिरामी, सुत्केरी पश्चात घर फर्कनेको हकमाबाहेक उपत्यका बाहिरका जिल्लामा जानका लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालय तथा स्थानीय तहको सिफारिशका आधारमा मात्र सवारी पास जारी गर्ने ।

४. केन्द्र, प्रदेश र स्थानीयतहका विकास आयोजनाहरु संचालनका लागि सहजीकरण गर्ने ।

५. काठमाडौं उपत्यकाका तीनै जिल्लाका संकट व्यवस्थापन केन्द्र (CMC) को संयुक्त बैठक मिति २०७७।२।२ गते शुक्रवारको दिन अपराह्न १ वजे खरिपाटीस्थित क्वारेन्टिनस्थलमा गर्ने ।

६. मौसमको परिवर्तनसँगै उत्पन्न हुने बाढी, पहिरो, महामारीजस्ता चुनौतीहरूको सामना गर्न सबै सरोकारवाला निकायहरूको समन्वयमा पूर्व तयारीका कामलाई अगि बढाउने ।

७. बन्दाबन्दीको अवधिभर संचालनमा रहेका विकास आयोजना, उद्योग कलकारखाना साथै सवारी साधन संचालन सम्बन्धमा नियमित रुपमा संयुक्त अनुगमन गर्ने ।

## पत्रकार र संचारकर्मीसँग बैठक

### कोभिड संकट समाधानका लागि सहकार्य गर्दै सक्रिय भूमिका निर्वाह गर्न प्रतिवद्ध

कोभिड-१९ भाईरसबाट उत्पन्न प्रकोप महामारी नियन्त्रण गर्ने तथा यसबाट उत्पन्न समस्या व्यवस्थापन गर्ने तथा विपद् पूर्व तयारी सम्बन्धमा मिति २०७७।०२।०५ गते प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डेज्यूको अध्यक्षतामा भक्तपुर जिल्लास्थित पत्रकार तथा संचारकर्मीहरु सँग बैठक सम्पन्न भयो ।

पत्रकार महासंघका अध्यक्ष पुस्कर‍राज बुढाथोकीलगायत राष्ट्रिय तथा जिल्लास्तरिय संचारमाध्यममा कार्यरत पत्रकारहरुसँग बैठक गरिएको हो । बैठकमा इश्वरकाजी खाइजु, पेशल आचार्य, लीला श्रेष्ठ, सुजाता खत्री, सोम शर्मा, हेमराज ढकाल, जयराम बास्तोला, रमेश गिरी, ऋषि श्रेष्ठ, सुरेशप्रसाद साक्य, द्वारीका अधिकारीलगायत पत्रकार तथा संचारकर्मीहरु उपस्थिति हुनुहुन्थ्यो ।

**बैठकका निर्णयहरु**

१. मिति २०७७।२।५ गते प्रजिअज्यूको अध्यक्षतामा भक्तपुर जिल्लास्थित राजनीतिक दल तथा सुरक्षा निकायका प्रमुखहरुको उपस्थितिमा बसेको संयुक्त बैठकबाट कोभिड १९ प्रकोप नियन्त्रण तथा उत्पन्न समस्या व्यवस्थापन सम्बन्धमा भएका निर्णयहरु सर्वसाधारण तथा सम्बन्धित पक्षको जानकारीका लागि प्रचार प्रसार गर्ने ।

२. जिल्ला प्रशासन कार्यालय भक्तपुर र जिल्लास्थित सुरक्षा निकायबाट कोभिड १९ प्रकोप विपद जोखिम पूर्व तयारी तथा समसामयिक विषयमा स्पादन गरिएका कार्यहरुको सम्बन्धमा अन्तरक्रियात्मक छलफल गरी सबैपक्षबाट समस्या समाधानका लागि समन्वय सहकार्य र सक्रिय भूमिका निर्वाह गर्ने ।

# सडकबाटोमा गैरकानूनी चेकजाँच गर्न नपाइने

## घरबाट निकाल्न खोज्ने, टोलमा प्रवेश निषेध गर्नेलाई कारवाही गरिने

मिति २०७७/०२/०५ गते माननीय गृहमन्त्री राम बहादुर थापा 'बादल' ज्यूको अध्यक्षतामा भएको बैठकले कोभिड १९ नियन्त्रण र रोकथामको क्रममा स्वास्थ्य सर्तकताको नाममा भइरहेका गैरकानूनी काम गर्नेलाई कारवाही गर्ने निर्णय गरेको छ ।

बैठकमा गृहसचिवज्यू, सुरक्षा निकायका प्रमुखज्यूहरुलगायत काठमाडौं उपत्यकाका प्रमुख जिल्ला अधिकारीज्यूहरुको समुपस्थिति रहेको थियो ।

बैठकले वर्तमान कठीन समयमा विभिन्न व्यक्तिहरुबाट स्वास्थ्य सुरक्षा सर्तकताको नाममा स्वास्थ्यकर्मी, सुरक्षाकर्मीलाई घरबाट निकाल्न खोज्ने, गैरकानूनी चेकजाँच गर्ने, आवागमनमा अवरोध गर्ने, दुर्व्यवहार गर्ने, कानून विपरीतका कार्यहरु गरी मनोबल गिराउन खोज्ने, टोल टोलमा प्रवेश निषेध गर्ने जस्ता अमानवीय कार्यहरु हुने गरेको देखिएकोले यस्ता अवाञ्छित क्रियाकलापहरु नियन्त्रण गर्ने आवश्यक परेमा नियन्त्रणमा लिई कानून कारवाही गर्ने निर्णय गरेको हो ।

यसका साथै काठमाडौँ उपत्यकाको प्रवेशमा केही कडाई गरिएको मौकामा एम्बुलेन्सको दुरुपयोग गरी विना काम यात्रुहरुको आवागमन हुन गरेको सूचनाहरु प्राप्त भएकोले एम्बुलेन्सको प्रस्थान विन्दु देखि गन्तव्य स्थलसम्मका सबै विन्दुमा चेकजाँच कडा गरी बिरामी र कुरुवाबाहेक अन्य यात्रुको आवागमन रोक्नेसमेत निर्णय गरेको छ ।

क्वारेन्टाइन व्यवस्थापन गर्ने सम्बन्धमा ३ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुले होटल, पार्टी प्यालेस, विद्यालय, कलेज, विश्वविद्यालय, सामुदायिक भवनहरु आदिको लगत संकलन गरी तयारी अवस्थामा राख्ने पनि निर्णय गरेको छ ।



## विशेष अनुरोध तथा सूचना

**वर्तमान कठीन समयमा विभिन्न व्यक्तिहरुबाट स्वास्थ्य सुरक्षा सर्तकताको नाममा देहायका अवाञ्छित क्रियाकलापहरु भएका भन्ने पाइएकोले यसो नगर्न नगराउनहुन अनुरोध छ। यस्तो कार्य भएको पाइएमा नियन्त्रणमा लिई कानून कारवाही गर्ने व्यहोरा जानकारी गराइन्छ।**

- **स्वास्थ्यकर्मी, सुरक्षाकर्मीलाई घरबाट निकाल्न खोज्ने,**
- **गैरकानूनी चेकजाँच गर्ने,**
- **आवागमनमा अवरोध गर्ने,**
- **दुर्व्यवहार गर्ने,**
- **कानून विपरीतका कार्यहरु गरी मनोबल गिराउन खोज्ने,**
- **टोल टोलमा प्रवेश निषेध गर्ने जस्ता अमानवीय कार्यहरु।**

**कोरोनाबाट जोगिन र जोगाउनका सौहार्दपूर्ण सम्बन्ध निर्माण गरौं**



## भक्तपुरका सहायक प्र.जि.अ.मा दुर्गादत्त ढकाल

# सिएमसीको तर्फबाट स्वागत

भक्तपुर जिल्लामा रिक्त रहेको सहायक प्रमुख जिल्ला अधिकारीको पदमा गृह मन्त्रालयबाट उपसचिव दुर्गादत्त ढकाल पदस्थापन भइ आउनु भएको छ। मिति २०७७ साल जेठ ५ गतेबाट उहाँले कार्यभार संहाल्नु भएको छ। यस पूर्वका स.प्र.जि.अ. दिलिपप्रसाद लामिछाने उमेर हदका कारण वैशाख २८ गतेबाट अनिवार्य अवकाश हुनुभई सो पद रिक्त रहेको थियो।

संकटको यस परिस्थितिमा उहाँको गृह प्रशासनको अनुभवले सहायक प्र.जि.अ., सिएमसीको सदस्य सचिव तथा क्विक रेस्पोन्स टिमीको संयोजकको भूमिकासमेत कुशलतापूर्वक निर्वाह गर्न हार्दिक शुभेच्छासहित उहाँलाई हार्दिक स्वागत गरिएको छ। कार्यकाल सफल रहोस्।

# जेठ २० गतेसम्म बन्दाबन्दी थप

## जनताको जीवन रक्षाका लागि भएको बन्दाबन्दीमा सबैको सहयोग रहने अपेक्षा

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०२/०४ को निर्णयानुसार बन्दाबन्दीको अवधि थप गरी मिति २०७७ जेठ २० गते मङ्गलबार मध्यरातसम्मका लागि निरन्तरता दिइएको छ । गृह मन्त्रालयको मिति २०७७।२।५ को 'निर्णय कार्यान्वयन सम्बन्धमा' पत्रबाट बन्दाबन्दी थप सम्बन्धी नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयको प्रभावकारी कार्यान्वयन गर्न जिल्ला प्रशासन कार्यालयलाईसमेत लेखि आएको छ ।

विश्वव्यापी महामारीको रुप लिएको कोभिड-१९ को संक्रमण फैलिने सम्भावना देखिएकोले यस पूर्व मन्त्रिपरिषदको मिति २०७७/०१/२४ गतेको निर्णयानुसार सो रोग रोकथाम र निर्मूल गर्न संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम नेपालभर लागू हुने गरी जारी आदेशलाई निरन्तरता दिएको हो ।

यसै आदेशले यस पूर्व नेपाल सरकारको मिति २०७७/०१/२४ को निर्णयानुसार बन्दाबन्दीमा संचालन गर्न सकिने उद्योग तथा सेवाहरुको सूचीमा 'पाठ्यक्रम विकास केन्द्रबाट अनुमति लिएका निजी क्षेत्रका प्रकाशन संस्थाबाट प्रकाशित विद्यालय तहका पुस्तकहरुको ढुवानीका साधनहरु' थप गरिएको छ भने 'विद्त तथा टेलिफोन सेवा प्रवाहसम्बन्धी कार्यहरु 'समेत थप गरिएको छ ।

नेपाल सरकारले जारी गरेको आदेश जनताको जीवन रक्षाका लागि भएको भन्दै हालसम्म यो आदेशको पालना गरी साथ दिनुभएकोमा नेपाल सरकारले सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरुमा हादिक धन्यवाद ज्ञापन गरेको छ । साथै जारी भएको आदेशको पूर्ण पालना गरी गराई सहयोग पुयाउनु हुनसमेत हार्दिक आग्रह गरिएको छ ।

## उपत्यका प्रवेश गर्ने पासको समन्वय र सम्पर्क गर्न मन्त्रालयको संयन्त्र

गृह मन्त्रालयले काठमान्डौं उपत्यका बाहिरका विभिन्न जिल्लाबाट काठमाडौं उपत्यका प्रवेशका लागि अनुमति माग गर्ने सम्बन्धमा समन्वय र सम्पर्क गर्न छुट्टै संयन्त्र तयार गरेको छ । यसै संयन्त्र मार्फत उपत्यका प्रवेश अनुमति प्रदान गर्ने सम्बन्धमा आवश्यक सम्पर्क, समन्वय तथा पत्राचार हुन मन्त्रालयको मिति २०७७/०२/०२ र २।४ को पत्रबाट लेखि आएको छ । मन्त्रालयले काजकिरिया, आपतकालिन स्वास्थ्य उपचारलगायतका अत्यावश्यक कार्यहरुका लागि मात्र काठमाडौं उपत्यका प्रवेशका लागि पासको अनुमति प्रदान गर्ने गरेको छ ।

१) सह-सचिव श्री इन्द घिमिरे
(सम्पर्क नं. ९८५११४०००५)
२) उप-सचिव श्री हरि पन्त
(सम्पर्क नं. ९८४१२९१८८८)
३) शाखा अधिकृत श्री सन्तोष सुवेदी
(सम्पर्क नं. ९८५१११८२०८)
४) शाखा अधिकृत श्री रामचन्द्र आले
(सम्पर्क नं. ९८४१९९६४८८)
५) आन्तरिक प्रशासन, स व्यवस्थापन शाखा
(सम्पर्क नं. ०१-४२११२१०)
इमेल vmcmgmt@moha.gov.np)

## मनसुन पूर्वतयारीका लागि अनुरोध



वर्षायामको मौसम सुरु भइसकेको अवस्थामा मनसुनका कारण हुन सक्ने बाढी, पहिरो एवं डुबान जस्ता प्रकोपबाट मानवीय एवं भौतिक क्षति कम गर्न मनसुन पूर्वतयारीमा जुट्नुपर्ने अवस्था आइसकेको छ । विश्वव्यापीरुपमा रहेको कोरोना भाइरसबाट सृजित संकटको यस घडीमा प्राथमिकताका साथ मनसुन पुर्वतयारीमासमेत लाग्न देहाय वमोजिमका कार्यहरु गर्न गराउन सबैमा हार्दिक अनुरोध छ ।

१. भक्तपुर जिल्लास्थित सबै सरकारी निकाय एव संघ संस्थाहरुले आफूसँग रहेका खोज, उद्दार र राहतका उपकरण तथा सामग्रीको विवरण जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराइदिन हुन ।
२. जिल्लास्थित सबै स्थानीय तहहरुले अनिवार्यरुपमा विपद् पूर्वतयारी एवं प्रतिकार्य योजना बनाउने र सोअनुसार कार्यान्वयन गर्नु हुन ।
३. स्थानीयस्तरमा विपद् व्यवस्थापन समिति गठन नभएको भए अविलम्ब गठन गर्नु हुन।
४. स्थानीय विपद् व्यवस्थापन कोष नबनाएको भए कोष स्थापना गर्नुहुन र कोषको विवरण जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराइदिन हुन ।
५. जिल्लास्थित सुरक्षा निकाय, स्थानीय रेडक्रसलगायत संघ, संस्थासँग रहेका खोज उद्दार तथा राहत सम्बन्धी सामग्रीहरुको विवरण अविलम्ब उपलब्ध गराइदिन हुन ।

# भक्तपुरको टोलीले गर्यो

## धुलिखेल अस्पतालमा कोभिड १९बाट मृत्यु भएकी महिलाको दाहसंस्कार

नेपालमा पहिलो पटक कोरोना संक्रमणबाट निधन भएकी सिन्धुपाल्चोक बाह्रबिसेकी २९ वर्षकी सुत्केरी महिलाको शव सुरक्षित तवरले पशुपतिस्थित विद्तिय शवदाहगृहमा त्याई अन्त्यष्टी गरिएको छ ।

संक्रमित व्यक्तिको शव व्यवस्थापनका लागि सहयोग गरिदिन अनुरोध भएको थियो । यसैअनुसार जेठ ३ गते भक्तपुर अस्पतालको मोडिफाइड शववाहन लिई सुरक्षाकर्मी र स्वंयमसेवकको टोली धुलिखेल अस्पताल गएर शव ल्याई पशुपतिस्थित विद्तिय शवदाहगृहमा अन्त्येष्टि गरिएको हो ।






वीर दल गण सूर्यविनायकले कोरोना संक्रमित बिरामी तथा कोरोना संक्रमणबाट मृत्यु भएकाको शव बोक्नका लागि तयार पारेको विशेष प्रकारको शववाहनसहित टोली गएको थियो ।

शव राख्नका लागि बनाइएको विशेष प्रकारको प्लाष्टिक बक्समा शवलाई राखेर शिल गरी ल्याइएको हो । शव व्यवस्थापन गर्ने व्यक्तिहरुले पीपीई सेट लगाएर जानुभएको थियो ।

यस टोलीमा विरदल गण भक्तपुरका प्रमुख सेनानी शिव पौडेल, प्रहरी उपरीक्षक सविन प्रधानलगायत सुरक्षाकर्मी र शव व्यवस्थापनका लागि तालिम प्राप्त स्वंयमसेवकहरु अरुण सैंजू र राजेश गाईजू रहनुभएको थियो । उहाँहरु त्यहि व्यक्तिहरु हुनुहुन्छ जसलाई भक्तपुरको बिरदल गणबाट शव व्यवस्थापन र रेन्जर महाविर गणबाट डेडबडी हयाण्डलिङ र डेमोस्ट्रेसनको तालिम दिइएको थियो । (बुलेटिनको पहिलो अंकमा तालिम सम्बन्धी गतिविधि प्रकाशन गरिएको थियो)

शव व्यवस्थापन कार्यमा लाग्नुभएका २ जना स्वंयसेवकहरुलाई स्वाब परीक्षण सम्पन्न गरी रिपोर्ट नआउँदासम्मका लागि विरदल गणस्थित आइसोलेशनमा राखिएको छ ।

अरुण सैंजूसहितका 'रेसक्यू एण्ड अवेरनेस–१६'

'कोरोनाबाट सिर्जना भएको यस्तो बिपद व्यवस्थापनमा भक्तपुर जिल्लाले पहलकदमी लिने गरेको र यस्तो विषम परिस्थितिमा पनि भक्तपुर जिल्ला नै अगाडी सरेकोमा यस्ता साहसिक सुरक्षा प्रमुखहरु पाउनु हाम्रो लागि गौरबको कुरा हो ।' - कासिछ्वा



संस्थाबाट भक्तपुर अस्पतालमा बिरामीको ज्वरो नाप्ने, नमुना लैजानेलगायत महत्वपूर्ण काम हुँदै आएको छ । यसै टोलीका २ जना स्वंयमसेवकले शव व्यवस्थापनमा देखाउनुभएको तत्परताको सर्वत्र प्रशंसा भएको छ ।

जिल्लास्थित सुरक्षा निकायको कामलाई विशेष धन्यवाद र आभार व्यक्त गरिएको छ । जिल्ला खेलकुद विकास समितिका अध्यक्ष श्रीभक्त कासिछ्वाले फेसबुक मार्फत लेख्नभएको छः- 'कोरोनाबाट सिर्जना भएको यस्तो बिपद व्यवस्थापनमा भक्तपुर जिल्लाले पहलकदमी लिने गरेको र यस्तो विषम परिस्थितिमा पनि भक्तपुर जिल्ला नै अगाडी सरेकोमा यस्ता साहसिक सुरक्षा प्रमुखहरु पाउनु हाम्रो लागि गौरबको कुरा हो ।'

फोटोहरु माथिबाट तल क्रमशः

१. शववाहनमा शव राख्दै
२. शववाहनलाई औषधि स्प्रे गरी डिस्इन्फेक्सन गर्रिदै
३. स्वंयमसेवकहरु

## एम्बुलेन्सको दुरुपयोग नगर्ने वारेको सूचना

**काठमाडौँ उपत्यकाको प्रवेशमा केही कडाई गरिएको मौकामा एम्बुलेन्सको दुरुपयोग गरी विना काम यात्रुहरुको आवागमन हुन गरेको सूचनाहरु प्राप्त भएकोले बिरामी र कुरुवाबाहेक अन्य यात्रु आवागमन नगर्नुहुन अनुरोध छ ।**

**चेकप्वाइन्टहरुको एम्बुलेन्सको समेत चेकजाँच गरिने र त्यस्तो भए गरेको पाइए कानून वमोजिम कारवाही हुनेसमेत जानकारी गराइन्छ ।**

# भक्तपुरमा कोरोना संक्रमण भेटियो

## संक्रमित दुई जना निको भई घर फिर्ता, दुईको उपचार हुँदै

भक्तपुर जिल्लामा कोभिड १९ को संक्रमण भेटिएको छ । यो बुलेटिन तयार पार्दासम्म ४ जना व्यक्तिमा कोरोनाको संक्रमण भएको पुष्टि भएको छ । जसमध्ये १ जना महिला र १ पुरुष उपचार पछि भाइरस मुक्त भएर फर्किसक्नु भएको छ भने १ महिला र १ पुरुषको आइसोलेसनमा राखेर उपचार भइरहेको छ । उहाँहरुको स्वास्थ्य सामान्य रहेको छ । यससँगै जिल्लावासीको स्वास्थ्य सुरक्षाका लागि थप क्रियाशिलता बढाइएको छ ।


वैशाख ३० गते मंगलबार दुवाकोटमा बस्दै आएका एक पुरुष र शंखधर चोकनजिकै बस्ने एक महिलामा कोरोना संक्रमण पुष्टि भएको थियो । भने जेठ ६ गते १ जना पुरुष र जेठ ९ गते १ जना महिला गरी कुल ४ जना संक्रमित भेटिएको हो । संक्रमण पुष्टि भएसँगै बुधबार बिहान प्रहरीले दुवाकोट र शंखधर चोक आसपासको क्षेत्रलाई सिल गरेको थियो । हाल उक्त क्षेत्र सामान्य भइसकेको छ । त्यस्तै संक्रमित अन्य व्यक्तिहरुको बस्ने क्षेत्रमा हाल शिल गरिएको छ भने कन्ट्याक ट्रेसिङको काम भइरहेको छ ।

### भक्तपुर जिल्लामा कोभिड १९ संक्रमित

**४** 

**भक्तपुर ९ का वर्ष ४२ की महिला** — उपचाररत

जेठ ९ गते संक्रमण पुष्टि भएकी ४२ वर्षका महिलाको कन्ट्याक ट्रेसिङको काम भइ रहेको छ । हाल संक्रमितलाई अस्पताल लगि उपचार भइरहेको छ ।

**३** 


**भेलुखेलका वर्ष ४२ का पुरुष** — उपचाररत

जेठ ६ गते संक्रमण पुष्टि भएका ४२ वर्षका पुरुषको कन्ट्याक ट्रेसिङको काम भइ रहेको छ । हाल संक्रमितलाई अस्पताल लगि उपचार भइरहेको छ ।

**२** 

**थिमीका वर्ष २५ की महिला** — निको भएको

वर्ष २५ का महिलामा वैशाख ३० गते संक्रमण पुष्टि भएको थियो । सुनसरीबाट ३ दिन अगाडि मोटरसाइकलमा आई मध्यपुरथिमि चोकस्थित एक नर्स साथीको कोठामा वैशाख २९ गते बसेको पाइएको । संक्रमण भएसँगै टेकु अस्पतालको आइसोलेशनमा उपचार गराई उहाँ जेठ ८ गते डिस्चार्ज हुनुभएको छ ।

**१** 

**दुवाकोटका वर्ष ४१ का पुरुष** — निको भएको

सशस्त्र प्रहरीबलमा कार्यरत भएको तर विगत एक महिना देखि विदामा दुवाकोटमा रहनुभएको अवस्थामा रामेछापस्थित घरमा पुगेर दुवाकोट फर्केपछि वैशाख ३० गते संक्रमण पुष्टि भएको थियो । संक्रमण भएसँगै टेकु अस्पतालको आइसोलेशनमा भर्ना भई उपचार गराई उहाँ जेठ ८ गते डिस्चार्ज हुनुभएको छ ।




वैशाख ३० गते टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा गरिएको पिसिआर परीक्षणमा कोरोना सङ्क्रमित पाइएका २५ वर्षिया महिला बसेको थिमिस्थित नर्स साथिको कोठा र आसपासका क्षेत्रमा ३१ गते सिल गरिएको थियो ।

संक्रमित व्यक्ति बसेको बसेको घर र आसपासका अन्य घरमा बस्नेको स्वाब सङ्कलन गरिएको छ । संक्रमितको छिमेकी, परिवार र सम्पर्कमा आएकाहरुको स्वाब संकलन गरी परीक्षणका लागि पठाइसकिएको र थप कन्ट्र्याक्ट ट्रेसिङ भइरहेको छ ।

संक्रमित महिला बसेको घरमा बस्ने सबै १४ जना र बस्तीका अन्य ११ घरका ११ जना गरी जम्मा २५ जनाको स्वाब संकलन गरी परीक्षणका लागि पठाइएको छ । पठाइएका नमूनाहरुमा कोरोना संक्रमण नभएको पाइएको छ ।

नेपाली सेनाको वीरदल गणका प्रमुख सेनानी



शिव पौडेल, महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक सविन प्रधान, सशस्त्र प्रहरी बल नेपाल निलवाराही गणका प्रहरी उपरीक्षक विश्वप्रसाद भट्टराईसहितको सुरक्षाकर्मीको नेतृत्वमा भक्तपुर अस्पतालको प्राबिधिक टोली र आरएनए १६ ग्रुपका दुई सदस्यसहितको टोलीले स्वाब संकलन गरेको हो ।

दुवाकोटका संक्रमित (हाल सामान्य) व्यक्तिको सम्पर्कमा आएकाहरुको पनि स्वाव संकलन गरी परीक्षण गरिएकोमा सबैको नतिजा नेगेटिभ प्राप्त भइसकेको छ । भने अन्य संक्रमितहरुकोसमेत ट्रेसिङका आधारमा स्वाव संकलन र परीक्षणको काम भइरहेको छ ।

# भक्तपुर जिल्लामा सवारी पासको व्यवस्थापन

## नियामक निकायबाटै पास जारी हुने, नतोकिएकालाई मात्र जिल्ला प्रशासनमा

कोभिड-१९ महामारी रोकथाम, नियन्त्रण र प्रतिकार्यलाई थप प्रभावकारी बनाउने सम्बन्धमा गृह मन्त्रालयबाट बिभिन्न मितिमा प्राप्त निर्देशन तथा CMC, Bhaktapur को मिति २०७७।०२।०२ गतेको बैठकको निर्णय बमोजिम मिति २०७७/०२/०४ मा सूचना प्रकाशन गरी भक्तपुर जिल्लामा सवारी पास व्यवस्थापन गरिएको छ ।

| सवारी पास जारी गर्ने र सहजीकरण गर्ने निकाय | | | |
|---|---|---|---|
| .न.सि | सेवा क्षेत्र र निकायहरू | पास जारी गर्ने /सहजीकरण गर्ने | मापदण्ड |
| १ | नेपाल सरकारका मन्त्रालयहरू ,संघीय संसद, सर्वोच्च अदालत तथा संवैधानिक निकायहरु | सम्बन्धित निकायको सचिव | • कर्मचारी परिचयपत्र साथमा हुनुपर्ने ।<br>• न्यूनतम कर्मचारीहरूलाई आलोपालो मिलाई वढीमा एक तिहाइ कर्मचारी र एक चौथाइ सवारी साधनहरु प्रयोग गर्ने व्यवस्था सम्बन्धित निकायले मिलाउने । |
| २ | अति आवश्यकीय सेवा प्रदान गर्ने सरकारी कार्यालय | सम्बन्धित मन्त्रालयको सचिव | |
| ३ | बैंक, वित्तियसंस्थाका कर्मचारी | नेपाल राष्ट्र बैंक | |
| ४ | सहकारी संस्थाका कर्मचारी | सहकारी विभाग | |
| ५ | व्यापार तथा बाणिज्यसँग सम्बन्धित कार्य | बाणिज्य ,आपूर्ति तथा उं विभाग | • सम्बन्धित उद्योग वा संस्थाको आधिकारीक पत्र र परिचयपत्र |
| ६ | औधोगिक उत्पादन सम्बन्धी कार्यमा संलग्न निकायहरू | उद्योग विभाग | |
| ७ | जलविद्युत तथा राष्ट्रिय गौरवका आयोजनाहरु | सम्बन्धित मन्त्रालयका सचिव | • पुस्तक पसलको हकमा पसलसम्बन्धी कागजात र परिचयपत्र |
| ८ | निर्माण सामग्रीको व्यापार व्यवसायका लागि | बाणिज्य,आपूर्ती तथा उ विभाग | |
| ९ | हवाइ सेवा प्रदायक कम्पनीहरु | संस्कृति पर्यटन तथा ना.उ .मन्त्रालय | • स्थानीय तहले आयोजना अनुगमन गर्न जारी गर्ने पास सम्बन्धित स्थानीय तह भित्र मात्र लागु हुने । |
| १० | पाठ्यपुस्तक पसल र ढुवानी | जनक शिक्षा सामग्री केन्द्र | |
| ११ | स्थानीयस्तरमा विकास आयोजना अनुगमन गर्ने | सम्बन्धित स्थानीय तह | |

### सवारी पास विना परिवहन हुने

१. सबै प्रकारका खाद्य वस्तु ढुवानी गर्ने सवारिका साधन, स्वास्थ्यसँग सम्बन्धित सबै प्रकारका सामग्री ढुवानी गर्ने सवारीका साधन, औधोगिक कच्चा पदार्थ र तयारी मालवस्तु ढुवानीका साधनहरू, कृषि तथ पशुजन्य उत्पादनसँग सम्बन्धित सबै प्रकारका ढुवानीका साधनहरू, एम्बुलेन्स, शव वाहन, र ग्याँसलगायत पेट्रोलियम पदार्थ ढुवानीका साधनहरूको हकमा सवारी पास विना परिवहन हुने । तर सवारी साधन प्रयोगकर्तासँग अनिवार्य रुपमा सम्बन्धित निकायबाट जारी गरिएको आफ्नो कर्मचारी परिचयपत्र साथमा हुनुपर्नेछ । उद्देश्य विपरीत सवारी साधन संचालन भएको पाइएमा सवारी अनुमति पत्र रद्द गरी प्रचलित कानून वमोजिम कारवाही गरिनेछ ।

### सुरक्षाकर्मीहरूले आवश्यक सहयोग पुर्याउने

२. अकस्मात आईपर्ने बिरामी, डायलासिस गर्नु पर्ने मृगौलाका बिरामी/किमोथेरापी दिनु पर्ने क्यान्सरको बिरामी, दीर्घ रोगीलगायतका अन्य बिरामीलाई अस्पतालसम्म आवत जावत गर्नका लागि र औषधी खरिद सम्बन्धमा नजिकको प्रहरी ईकाइ/१०० नं मा फोन गरी समन्वय गर्नु हुन । कागजपत्र र अवस्था हेरेर सुरक्षाकर्मीहरूले आवश्यक सहयोग पुर्याउने छन् ।

### पास जारी गर्ने

३. सवारी पास आवश्यक पर्ने व्यक्ति तथा संस्थाहरूले आ-आफ्नो नियामक निकायहरूमा सम्पर्क गर्नु हुन (जस्तैः सञ्चारकर्मीहरू तथा मिडिया हाउसहरूले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय) नियामक निकाय नतोकिएकाको हकमा अत्यावश्यक कार्यको लागि(उपत्यका भित्र/बाहिरका जिल्लाको लागि) गृह मन्त्रालयको स्वीकृति लिए पछि मात्र यस कार्यालयबाट सवारी पास जारी गरिनेछ । नियामक निकाय तोकिएको हकमा निम्न वमोजिम हुनेछ ।

४. यस कार्यालयबाट यस अघि विभिन्न मितिमा जारी गरिएका सम्पूर्ण सवारी पासहरू (E-pass र पहेलो रङकोसमेत) खारेज गरिएको छ । अब उप्रान्त E-pass आवेदन लिईने छैन । आजदेखि यस कार्यालयबाट जारी हुने सवारी पास निलो रङको हुनेछ ।

५. निर्माण सामग्री बोकेका गह्रौं (Heavy) सवारी साधनहरू बेलुकी ८.०० बजेदेखि बिहान ६.०० बजे भित्र मात्र सञ्चालन गर्ने ।

## जेठ २ गतेसम्मका सबै सवारी पास खारेज,

### नयाँ पास नभइ सवारी निकाले कडा कारवाही गरिने

जिल्ला प्रशासन कार्यालय भक्तपुरले २०७७ जेठ ३बाट लागू हुने यस पूर्व जारी गरिएका सबै सवारी पास खारेज गरेको छ । गृह मन्त्रालयको च.नं. ३८०६ मितिः २०७७।०२।०१ को पत्रबाट प्राप्त निर्देशनअनुसार कोभिड-१९ को बढ्दो संक्रमणलाई मध्यनजर गर्दै मिति २०७७।०२।०३बाट लागू हुने गरी हस्तलिखित तथा ई-पासलगायतका सम्पूर्ण सवारी पासहरू खारेज गरिएको छ ।

यस पूर्व काठमाडौं उपत्यका बाहिरका जिल्ला प्रशासन कार्यालयबाट जारी सवारी पासका आधारमा भक्तपुर प्रवेश गर्न दिइने गरेकोमा अब उप्रान्त त्यस्तो पास लिन पूर्व गृह मन्त्रालयको स्वीकृति लिनुपर्ने र सो को नम्वर उल्लेख भएको सवारी पासका आधारमा मात्र प्रवेश गर्न दिइने छ । त्यस्तै भक्तपुरबाट अन्य जिल्लामा जान पास जारी गर्नुपर्ने भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट सिफारिश लिनुपर्ने व्यवस्था गरिएको छ । पास विना आवागमन गर्नेलाई तत्कालै रोकी कारवाही गरिने हुँदा अत्यावश्यक अवस्थामा पास लिएर मात्र सवारी साधन प्रयोग गर्नहुनसमेत अनुरोध गरिएको छ ।

*सामाजिक दूरी कायम गरौं,*

*कोरोनाबाट सुरक्षित रहौं*

*खाद्यबस्तु, तरकारी आदि खरिद तथा बिक्रीमा संलग्न हुँदा निश्चित दूरी कायम राखी व्यवहार गर्नुहुन सबैमा हार्दिक अनुरोध छ ।*

# भक्तपुरमा थप क्वारेन्टिनस्थल व्यवस्थित गरिने




गृह मन्त्रालयको निर्देशन तथा जिल्लास्तरीय सिएमसीको निर्णयअनुसार भक्तपुरमा क्वारेन्टिनस्थलको रुपमा प्रयोग गर्न सकिने संरचनाहरुको निरीक्षण गरी लगत संकलन गर्न थालिएको छ ।

यसै क्रममा जिल्ला समन्वय समितिका प्रमुख, प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरुलगायतको टोलीबाट जिल्लाका सरकारी सार्वजनिक शैक्षिक संस्थाहरु तथा अन्य सम्भाव्य भवन एंव पूर्वाधारहरुको निरीक्षण भएको हो ।

जिल्ला प्रशासन कार्यालयमा होटल तथा रिसोर्टहरुलाई समेत आवश्यक परेको अवस्थामा क्वारेन्टिनको रुपमा प्रयोग गर्ने बारे होटल व्यवसायीहरु सँग समेत छलफल गरिएको छ । यसमा व्यवसायीहरुको तर्फबाट समेत सकारात्मक सहयोग प्राप्त हुने प्रतिवद्धता जनाइएको छ । यद्यपि यस विषयमा निर्णय हुन बाँकी नै रहेको छ ।

जिल्लाका सबै क्वारेन्टिनस्थलहरु चालू हालतमा राख्ने र सम्भावित क्वारेन्टिनहरुको विवरण अद्यावधिक गरी राख्न सिएमसीले समन्वय गरिरहेको छ ।

## खरिपाटी क्वारेन्टिनस्थल

### सरसफाई र व्यवस्थित गरी तयारी हालतमा

भक्तपुरको खरिपाटीस्थित नेपाल विद्त प्राधिकरणको तालिम केन्द्रमा रहेको नेपालकै पहिलो क्वारेन्टिनस्थललाई जुनसुकै वेला पनि प्रयोग गर्न सकिने गरी तयार हालतमा राखिएको छ । संक्रमण वढदै गएको अवस्थामा क्वारेन्टिनस्थल प्रयोग गर्नुपर्ने हुन सक्ने अवस्था आउन सक्ने हुँदा सिएमसीको निर्देशन वमोजिम नेपाली सेनाको वीरदल गणले प्रत्येक हप्ता सघन सरसफाई गर्ने गरेको छ । यसका साथै क्वारेन्टिनस्थलमा पानी विजुली लगायत अन्य सबै सेवाहरु सूचारु हालतमा राखिएको छ ।

यस क्वारेन्टिनस्थलमा चीनको वुहान शहरबाट ल्याइएका नेपाली विद्यार्थीहरु र लकडाउन अगाडि नेपाल प्रवेश गरेका व्यक्तिहरुलाई राखिएको थियो । त्यसपछी यस क्वारेन्टिनस्थलको प्रयोग भएको छैन् ।





खोक्दा, हाँच्छिउ गर्दा रुमाल वा कुइनाले नाक मुख छोपौं संक्रमणबाट बचौं बचाऔं

## भक्तपुरमा ११० आइसोलेसन वेड तयार

भक्तपुरका विभिन्न सरकारी र सार्वजनिक अस्पतालहरुमा गरी ११० वटा आइसोलेसन वेड तयार गरिएको छ । कोभिड १९ को संक्रमण वढ्दै जानसक्ने अवस्थामा संक्रमित बिरामीको उपचारका लागि आवश्यक मानिएको आइसोलेसन वेड सबै अस्पतालहरुमा चुस्त दुरुस्त राखिएको छ ।

| अस्पतालको नाम/स्थान | बेड संख्या |
|---|---|
| काठमाडौं मेडिकल कलेज, दुवाकोट | 72 |
| नेपाल कोरिया मैत्रि नगरपालिका अस्पताल, मध्यपुर ठिमी | 16 |
| भक्तपुर अस्पताल, दुधपाटी (कोभिड-19 हब अस्पताल) | 10 |
| मध्यपुरठिमी अस्पताल, मध्यपुर ठिमी | 8 |
| डा. ईवामुरा अस्पताल, सल्लाघारी | 4 |
| जम्मा | 110 |

# भक्तपुर अस्पताल
# कोरोना उपचारमा तयार र तत्पर

कोरोना संक्रमणको जोखिमप्रति सचेत बन्दै स्वास्थ्य सर्तकता र सावधानीका साथ भक्तपुर अस्पतालमा बिरामीहरुका लागि सबै प्रकारका उपचार सेवा संचालनमा रहेको छ ।

नेपाल सरकारले कोरोना रोगको परीक्षण र उपचार केन्द्रका रुपमा भक्तपुर अस्पताललाईसमेत हब अस्पताल तोकेको छ । संक्रमितको उपचारका लागि अस्पतालले अलग्गै भवनकोसमेत व्यवस्था गरेको छ । यस अस्पतालबाट कोभिड १९ परीक्षणका लागि आरडिटी जाँच गर्नुका साथै पिसिआर परीक्षणका लागि स्वाव संकलन हुँदै आएको छ ।

जिल्लामा कोभिड १९ को संक्रमण फेला परेसँगै विभिन्न स्थानहरुमा स्वाव संकलन गर्ने कार्य भक्तपुर अस्पतालले  गर्दै आएको छ । यसको साथै भक्तपुर हुँदै उपत्यका प्रवेश गर्ने जगाती नाकामा रहेको चेकपोष्टबाट संकास्पद बिरामीहरुलाई यसै अस्पतालमा पठाउने गरिएको छ । संभावित संक्रमितको परीक्षणका लागि अस्पतालमा छुट्टै फिभर क्लिनिक संचालनमा रहेको छ । संकास्पद बिरामीको संक्रमण रहित हुने गरी चेक जाँच गर्न अस्पतालले विशेष प्रकारले बनाइएको स्क्रिनिङ बक्स भित्रबाट चिकित्सकीय परीक्षणको व्यवस्था मिलाएको छ ।

भक्तपुर अस्पतालबाट जेठ  १० गतेसम्ममा ७८३ संख्यामा  आरडिटी टेस्ट र ५७४ संख्यामा पिसिआर टेस्टको लागि स्वाव संकलन गरेको छ । हालसम्म यस अस्पतालबाट भएको परीक्षणअनुसार कुनै संक्रमित फेला परेको छैन ।

अस्पतालमा मेडिकल सुपरिटेण्ड डा सुमित्रा गौतमको नेतृत्वमा ११ जना विशेषज्ञसहित १८ जना डाक्टरहरु तथा १२ जना स्टाफ नर्ससहित ३९ जना नर्सिङ स्टाफ र ८ जना ल्याब स्टाफ कार्यरत रहनुभएको छ । कोरोना संकटको यस समयमा अस्पतालका सबै डाक्टर, नर्स तथा अन्य जनशक्तिलाई २४सै घण्टा तयारी अवस्थामा राखिएको छ ।




## संकटको समयमा सम्पर्क गर्न सकिने नम्वरहरु

### समन्वय र सुरक्षा

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | प्र.जि.अ. हुमकला पाण्डे | ६६१४४३७ | ९८५१२१७७७७ |
| जिल्ला प्रशासन कार्यालय | स.प्र.जि.अ.दुर्गादत्त ढकाल | ६६१५५९५ | 9840108524 |
| विरदल गण सूर्यविनायक व्यारेक | गणपति शिबप्रसाद पौडेल | ५०९२२७५ | 9851159188 |
| महानगरिय प्रहरी परिसर भक्तपुर | प्र.उ. सबिन प्रधान | ६६१७१३१ | ९८५१२१५५५५ |
| सशस्त्र प्रहरी बल गणनं.२२ | स.प्र.उ. विश्व कुमार भट्टराई | 5144510 | ९८५१२७२०३४ |
| रा. अनुसन्धान जिल्ला कार्यालय | उ.अ.नि. सुरेन्द्र कोइराला | ६६१८७७७ | 9851174546 |

### अस्पताल

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| भक्तपुर अस्पताल | मे.सु. डा.सुमित्रा गौतम | ६६१४४३० | ९८५८०२३०४७ |
| स्वास्थ्य कार्यालय भक्तपुर | का.प्र. कृष्णबहादुर मिजार | ६६१६०१० | 9841884419 |
| शहीद धर्मभक्त रा.प्रत्यारोपण केन्द्र | का.प्र. डा.पुकार चन्द्र श्रेष्ठ | ६६१४७०९ | ९८५१११५१३६ |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | आ.चिकित्सक नदन कँडेल | ६६१२०८८ | 9851185728 |

### स्थानीय तह

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| जिल्ला समन्वय समितिको कार्यालय | जि.स.अ.जगन्नाथ लामिछाने | ६६१४८२६ | 9851276222 |
| भक्तपुर नगरपालिकाको कार्यालय | प्र.प्र.अ. इन्द्रप्रसाद बस्याल | ६६१००७६ | 9841407373 |
| मध्पुरथिमी नगरपालिका कार्यालय | प्र.प्र.अ.विश्वराज मरासिनी | ६६३१४०५ | 9851190542 |
| चाँगुनारायण नगरपालिका कार्यालय | प्र.प्र.अ.चिरन्जिवी तिम्सिना | 6616611 | ९८५११७७९५५ |
| सूर्यविनायक नगरपालिका कार्यालय | प्र.प्र.अ.कमल ज्ञवाली | ६६१२४४३ | 9851277111 |

### दमकल

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| जुद्ध वारुण यन्त्र कार्यालय | का.प्र. राजनप्रसाद दाहाल | ६६१२३८२ | ९८५११५०९१३ |

### औषधि

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| नेपाल औषधी व्यवसायी संघ | महासचिव विनोद प्र. सापकोटा | 6632107 | 9841288675 |

### बिद्युत तथा टेलिफोन

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| का.उ.खानेपानी लिमिटेड दुधपाटी | शा.प्रमुख सुरेन्द्र हिमालय | ६६१०२३५ | ९८४९१८८२९१ |
| नेपाल टेलिकम भक्तपुर | का.प्र. दिनेशहर्ष बज्राचार्य | ६६१०००० | 9851105570 |
| नेपाल टेलिकम ठिमी | का.प्र. सुरेन्द्र शाह | ६६३३६०० | 9851022176 |
| नेपाल विद्युत प्राधिकरण भक्तपुर | का.प्र.  राजकुमार रमण | ६६११०९८ | 9851273714 |
| नेपाल विद्युत प्राधिकरण ठिमी | शाखा प्रबन्धक सुबोध शर्मा | ६६३५३२८ | 9851273715 |

### खाद्यबस्तु आपूर्ती

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| भक्तपुर उद्योग बाणिज्य संघ | का. अ. राजुमान बज्राचार्य | 6614851 | 9841285577 |
| घरेलु तथा साना उद्योग कार्यालय | उ.अ.सुबोध कुमार साह | ५०९२६९६ | ९८५११८५८९२ |

### जिल्लास्थित सरकारी स्वास्थ्यसंस्थाका सम्पर्क व्यक्तिहरु

| पद नाम थर | कार्यालय | फोन नं |
|---|---|---|
| मे. अ. डा. निसा राई | सूर्यविनायक नगर अस्पताल | ९८४९२३१५१७ |
| ज.स्वा.नि.स्वस्ती आचार्य | कटुन्जे हे.पो. | ९८४११११११७७ |
| ज.स्वा.नि.पुण्य प्र. काफ्ले | वालकोट हे.पो | ९८४१७१५५१३ |
| ज.स्वा.नि.मुकुन्द प्र. चौलागाई | गुण्डु हे.पो. | ९८४४४१२१४३ |
| ज.स्वा.नि.मदन राजथला | सिरुटार हे.पो. | ९८४१३००४५९ |
| सि.अ.हे.ब.रामप्रसाद लम्साल | लोकन्थलि हे.पो. | ९८४१४३०१४३ |
| ज.स्वा.नि.सरोज कूमार राय | ठिमी हे.पो. | ९८४४०५७७२९ |
| ज.स्वा.नि.श्याम कुमार थापा | बालकुमारी हे.पो. | ९८४१४४५५५८ |
| सि.अ.हे.ब.राजन खड्का | सुडाल हे.पो. | ९८६३१९९२४५ |
| हे.अ.बलराम तिमल्सेना | बागेश्वरी हे.पो. | ९८४१३२२६४५ |
| ज.स्वा.नि.लोकेन्द्र बहादुर पौडेल | चागुं प्रा.स्वा.के. | ९८५१०६८९५० |
| सि.अ.हे.ब.बिष्णु थापा | झौखेल हे.पो. | ९८५१०३९४९३ |
| ज.स्वा.नि.हरिनारायणप्रसाद शाह | ताथली हे.पो. | ९८४१३७४४३७ |
| सि.अ.हे.ब.ज्ञानेन्द्रप्रसाद जोशी | दुवाकोट हे.पो. | ९८४९२०८१९० |
| सि.अ.हे.ब.मनोज कुमार मण्डल | नगरकोट हे.पो. | ९८४१६७०३३७ |
| ज.स्वा.नि.दिल कुमार दुवाल | छालिङ्ग हे.पो. | ९८४१३९४०६४ |
| हे.अ.रोजिना थापा | नङ्गखेल हे.पो. | ९८४९२४५२२० |
| सि.अ.हे.ब.उमेश धौभडेल | सिपाडोल हे.पो. | ९८४१३९४६५८ |
| हे.अ.राजेन्द्र फैजु | चित्तपोल हे.पो. | ९८४१२९९५१६ |
| सि.अ.हे.ब.तेज कुमार पुन | नगदेश हे.पो. | ९८६६९०८०२८ |
| ज.स्वा.नि.धन ब. बिष्ट | बोडे हे.पो. | ९८६८७७७०३० |
| हे.अ.मीरा कुमारी सिंह | श.स्वा. के. झौखेल | ९८६०९४३००८ |
| हे.अ.कुमार के.सि. | श.स्वा. के. झाप्रा | ९८५११२९५९० |
| हे.अ.सुदिप आचार्य | श.स्वा. के. ताथगाल | ९८४३२४१५७१ |
| हे.अ.उत्सब सापकोटा | श.स्वा.के.घ्याम्पेडांडा | ९८६०१०८०६१ |
| हे.अ.कमल अछामी | श.स्वा.के. कांक्राबारी | ९८६११३८७८२ |
| अ.न.मि.जमुना काफ्रले | श.स्वा.के. च्यामासिङ | ९८४१६३७६४७ |
| स्टाफ नर्स रचना सुवाल | श.स्वा.के. च्यामासिङ | ९८४११३११४४ |
| स्टाफ नर्स शुसिला प्रजापती | श.स्वा. के. निकोसेरा | ९८४१५३१४३३ |
| हे.अ.अम्बिका प्रजापती | श.स्वा. के. बोडे | ९८४९२०९७११ |
| हे.अ.कमल केशरी राजचल | श.स्वा. के. ब्यासी | ९८४१६९२९५२ |

# भक्तपुरमा कोरोना संक्रमणको परीक्षण

कोरोनाको लक्षणसँग मिल्दोजुल्दो लक्षण भएका बिरामीहरुको मात्र परीक्षण गरिँदै आएकोमा गएको हप्ता देखि सम्भावित संक्रमितकोसमेत परीक्षण गर्न थालिएको छ ।

जिल्लामा कोरोना संक्रमण देखिए सँगै बिरामीको सम्पर्कमा आएका र सम्भावित जोखिममा रहेका व्यक्तिहरुको परीक्षणलाई तिव्रता दिइएको हो । अग्र पङ्तिमा खटिने स्वास्थ्यकर्मी सुरक्षाकर्मी जनप्रतिनिधि कर्मचारी एवं पत्रकारहरुकोसमेत परीक्षण भइरहेको छ ।

जिल्लामा नेपाल कोरिया मैत्री अस्पतालले आफ्नै पिसिआर मेसिनबाट परीक्षण गर्दै आएको छ भने अन्य अस्पतालहरुले पिसिआर परीक्षणका लागि स्वाव संकलन गरी टेकुस्थित प्रयोगशालामा पठाउने गरिएको छ । स्वास्थ्य कार्यालय, भक्तपुर अस्पताल र नगरपालिका अस्पतालहरुले आरडिटी परीक्षण गर्दै आएका छन् ।

मध्यपुर थिमि नगरपालिका द्धारा संचालित नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालको सहयोगमा रेडक्रस स्वंयमसेवक, रक्तसंचार कर्मचारी, पत्रकार, जनप्रतिनिधिहरुको स्वाब टेस्ट गरेको छ ।

स्वास्थ्य कार्यालयको तथ्याङ्कअनुसार २०७७ जेठ ९ गतेसम्ममा भक्तपुर जिल्लामा RDT विधिबाट १२९६ जना र PCR विधिबाट ६९३ जना गरी कुल १९८९ जनाको परीक्षण भएको छ । कोरोना भाइरस प्रभावित हुन सक्ने सबै शंकास्पद व्यक्तिहरुको खोजी र परीक्षण निरन्तर भइरहनेछ।

## एम्बुलेन्सहरुको सम्पर्क नम्वर

| चालकको नाम थर | फोन नं. | एम्बुलेन्सको धनी (निकाय) |
|---|---|---|
| **कोरोना विशेष** | | |
| राजन बासुकला/पुण्य खत्री | 9851082799 | भक्तपुर नगरपालिका |
| बुद्ध कृष्ण बाग | 9841257048 | मध्यपुर ठिमी नगरपालिका |
| केशवराज थापा | 9841395199 | सूर्यविनायक नगरपालिका |
| शिवहरी अधिकारी | 9851241809 | चाँगुनारायण नगरपालिका |
| अरुन सैजु | ९८५१०७११३९ | भक्तपुर अस्पताल |
| **भक्तपुर नगरपालिका** | | |
| मिलन पुरी | 9849857332 | नेपाल रेडक्रस सोसाईटी भक्तपुर |
| केशवराज थापामगर | 9841257892 | जिल्ला समन्वय समिति |
| भिमसेन गेलाल | 9860171552 | भक्तपुर क्यान्सर अस्पताल |
| लक्ष्मण श्रेष्ठ | 9860025333 | डा. ईवामुरा अस्पताल |
| रमेश कुस्मा/रकि दुवाल | 9851018177 | मानव अंग प्रत्यारोपण केन्द्र |
| कृष्ण राम कोजु | 9840256350 | भक्तपुर अस्पताल |
| **मध्यपुर थिमी नगरपालिका** | | |
| कृष्ण चन्द्र श्रेष्ठ | 9841257048 | नेपाल कोरिया मैत्री अस्पताल |
| नविन परियार सानुकाजी श्रेष्ठ | 9851133613 | मध्यपुर अस्पताल |
| दिपक घजु | 9851133797 | नागरिक सामुदायिक अस्पताल |
| **सूर्यविनायक नगरपालिका** | | |
| लक्ष्मी भक्त ह्याङ्गजु | 9843559090 | नेपाल रेडक्रस सोसाइटी ननिलन्चोक |
| भिमबहादुर खत्री | 9843633744 | सुडाल ब्रह्मायणी विकास केन्द्र |
| राकेश राजथला | 9741323296 | अखण्ड सेवा समिति |
| श्रीकृष्ण खड्का | 9841477794 | ग्रामिण विकास पुर्वाधार केन्द्र |
| **चाँगुनारायण नगरपालिका** | | |
| विवेक लामिछाने | 9841233600 | नेपाल रेडक्रस सोसाईटी नगरकोट |
| दिपक थापा | 9741233815 | नेपाल रेडक्रस ताथली शाखा |
| उत्सव केसी | 9849424813 | चाँगुनारायण प्राथमिक स्वास्थ्य केन्द्र |
| प्रकाश गजुरेल | 9841466550 | काठमाडौं क्यान्सर सेन्टर |
| लक्ष्मण भुट्ट | 9860335944 | हरिणाम संक्रिटन सेवा समिति |

### आरडिटी विधिबाट गरिएको परीक्षण संख्या

| अस्पताल/नपा | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| भक्तपुर अस्पताल | 282 | 476 | 758 |
| भक्तपुर न पा | 56 | 84 | 140 |
| मध्यपुर थिमी न पा | 38 | 61 | 99 |
| सूर्यविनायक न पा | 48 | 121 | 169 |
| चाँगुनारायण न पा | 32 | 73 | 130 |
| जम्मा | 456 | 815 | 1296 |

### पिसिआर विधिबाट परीक्षणका लागि स्वाव संकलन/*परीक्षण

| अस्पताल | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| भक्तपुर अस्पताल | 102 | 274 | 376 |
| *नेपाल कोरिया मैत्री अस्पताल | 90 | 99 | 189 |
| भक्तपुर न पा अस्पताल | 32 | 96 | 128 |
| जम्मा | 197 | 234 | 431 |

बुलेटिनको पाँचौ अंकको 'भक्तपुरमा ७३० जनाको कोरोना परीक्षण सम्पन्न सबैको नजिता नेगेटिभ' शिर्षक अन्तर्गत प्रकाशित तथ्याङ्कमा आरडिटी हुनुपर्नेमा पिसिआर र पिसिआर हुनुपर्नेमा आरडिटी भएकोले सच्चाइएको छ ।

# सशस्त्र प्रहरीबलका सुरक्षाकर्मीहरुको कोरोना परीक्षण, सबै नतिजा नेगेटिभ



नेपाल ए.पि.एफ. अस्पताल, बलम्बुबाट डाक्टरसहितको मेडिकल टोलीले भक्तपुर जिल्लास्थित सशस्त्र प्रहरी बल नेपाल निलबाराही गणमा कार्यरत सुरक्षाकर्मीहरुको कोरोना परीक्षण गरेको छ । कोभिड १९ महामारीको नियन्त्रणका लागि दैनिक रुपमा चेकप्वाईन्ट ड्यूटी र अन्य संवेदनशिल स्थानमा ड्यूटीमा खटिएका सशस्त्र प्रहरी सुरक्षाकर्मीहरुको PCR परीक्षणको लागि स्वाब सङ्कलन र RDT परीक्षण गरिएको छ । अग्रपंत्तिमा खटिएका सुरक्षाकर्मीहरुको पिसिआर विधिबाट र अन्य सुरक्षाकर्मीहरुको आरडिटी विधिबाट परीक्षण भएको छ । हालसम्म प्राप्त सबै नजिता नेगेटिभ रहेको छ।

# जगाती पोष्टमा डिस्इन्फेक्सन टनेल संचालनमा



राजधानी प्रवेश गर्ने नाकाका रुपमा रहेको भक्तपुरको जगातीमा सवारी साधन निःसङ्क्रमण गर्न 'डिस्इन्फेक्सन टनेल' सञ्चालनमा आएको छ ।


जगाती हुँदै उपत्यका भित्रने सवारी साधनलाई किटाणुमुक्त गर्न सुन्दर यातायातको सहयोगमा निर्माण गरेको टनेलमा सवारी साधनलाई निःसङ्क्रमण गरेर मात्रै प्रवेश गराउन सुरु गरिएको छ । यसको निर्माणका लागि जिल्ला प्रशासन कार्यालय भक्तपुरबाट मिति २०७७।१।२४ मा स्वीकृती प्रदान गरिएको थियो ।


यस टनेल २० फिट लम्बाइ र १६ फिट उचाइको रहेको छ । ४ वटा नोजलबाट आउने क्लोरिन झोलले सवारी साधन निःसङ्क्रमण गर्न सकिने छ । सिसा नभएका र अन्य दुईपाङ्ग्रे सवारी साधनलाई टनेल बाहिर नै निःसङ्क्रमण गर्ने गरिएको छ ।

टनेलको सुरुवातको अवसरमा संघीय सांसद महेश बस्नेत, जिल्ला समन्वय समिति भक्तपुरका प्रमुख नवराज गेलाल, सूर्यविनायक नगरपालिकाका उपप्रमुख जुना बस्नेत, प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेलगायत जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरुको उपस्थिति रहेको थियो ।

जगातीमा रहेको स्वास्थ्य सहायता कक्षसहितको एकिकृत पोष्टको संचालन नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नेपाली सेना, भक्तपुर अस्पताल, रेडक्रसलगायतले गरिरहेका छन् । यस नाकाबाट भक्तपुर छिर्ने यात्रुलाई शरीरको तापक्रम मापन गर्ने, स्वास्थ्य स्क्रिनिङमा समस्या देखिएकालाई अस्पताल पठाउने र उपत्यका भित्रने व्यक्तिको व्यक्तिगत विवरण संकलन गर्ने काम हुँदै आएको छ ।

## भक्तपुर हुँदै उपत्यका प्रवेश र वाहिर गएका सवारी साधन




## सवारी साधन अनुमतिपत्र सम्बन्धी कार्यविधि २०७६अनुसार

### आवागमन गर्दा अनुमतिपत्र आवश्यक नपर्ने सवारी साधन तथा व्यक्तिहरु

१. एम्बुलेन्स, शवबहान, दमकल ।
२. झण्डावाल सवारी ।
३. कूटनीतिक उन्मुक्ति तथा सुविधा प्राप्त नियोग, व्यक्ति तथा संघ/संस्थाहरु
४. प्रेस पास प्राप्त सञ्चारकर्मीहरु ।
५. स्वास्थ्य सेवामा खटिएका चिकित्सक, नर्स, फार्मासिस्ट, प्रयोगशालामा कार्यरत प्राविधिक, अस्पतालमा कार्यरत अन्य कर्मचारीहरु, औषधि उत्पादन ढुवानी र बिक्रि बितरणमा संलग्न हुने जनशक्तिहरु ।
६. खानेपानीको मर्मत सम्भार र बितरणमा संलग्न जनशक्ति
७. फोहोरमैला व्यवस्थापनमा परिचालित जनशक्ति।
८. ठूला खाद्य स्टोरमा कार्यरत जनशक्ति ।
९. अत्यावश्यक वस्तु तथा सेवा ढुवानी गर्ने मालबाहक सवारी साधनहरु।

प्रकाशक

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय भक्तपुर**

**संकट व्यवस्थापन केन्द्र भक्तपुर**
**Crisis Management Center (CMC) Bhaktapur**

facebook/daobhaktapur
twitter/daobhaktapur
daobhaktapur@gmail.com
www.daobhaktapur.moha.gov.np भित्र कोभिड १९ CMC
६६१४४३७
CMC का पदाधिकारीहरुलाई मोवाइलबाटसमेत सम्पर्क गर्न सकिन्छ ।


Crisis Management Center (CMC) भक्तपुर सचिवालयद्वारा तयार गरिएको, Focal Person रविन्द्र गौतम Viber 9840177327